# स्थानीय तहको वार्षिक योजना प्रकृया

डिलाराम पन्थी
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- संघ, प्रदेश र स्थानीय तहले दीर्घकालीन आवधिक र वार्षिक योजना बनाउने ।

- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ लागु भएको ।

# बजेट तर्जुमा प्रकृयामा गठन हुने समितिहरु

- स्थानीय राजस्व परामर्श समिति
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
- बजेट तथा कार्यक्रम तर्जुमा समिति
- विषयगत समितिहरु: आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् ब्यबस्थापन र सुशासन तथा संस्थागत विकास
- गाउँपालिका–नगरपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति

# योजना तर्जुमाका चरणहरु

| चरणहरु | समय सीमा |
|---|---|
| **चरण १. बजेटको पूर्व तयारी** | |
| • आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण संघीय सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र |
| • संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने । | चैत्र मसान्तभित्र |
| **चरण २. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | **बैशाख १०भित्र** |
| **चरण ३. बस्ती तहका योजना छनौट** | **वैशाख मसान्तभित्र** |
| **चरण ४. वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण** | **जेष्ठ १५भित्र** |
| **चरण ५. बजेट तथा कार्यक्रम तर्जुमा** | **असार ५भित्र** |
| **चरण ६. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | **असार १०भित्र** |
| **चरण ७. गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | |
| • बजेट तथा कार्यक्रम प्रस्तुती | असार १०भित्र |
| • बजेट तथा कार्यक्रम स्वीकृति | असार मसान्तभित्र |

# वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

# वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु

- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
- स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु ।

# वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने बिषयहरु

- संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने,
- आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका बिषयहरु,
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् ब्यवस्थापन,
- सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित बिषयहरु,
- समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने बिषयहरु,
- अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने बिषयहरु,
- विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

# विषयगत क्षेत्र

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वन, वातावरण तथा विपद् ब्यबस्थापन
- सुशासन तथा संस्थागत विकास

# स्थानीय राजस्व परामर्श समिति

- उपाध्यक्ष वा उपप्रमुख संयोजक
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट १ जना महिलासहित २ जना सदस्य सदस्य
- निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाऊँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य
- घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाऊँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य
- कार्यपालिकाको राजस्व महाशाखा/विभाग वा शाखा प्रमुख सदस्य– सचिव

# राजस्व परामर्श समितिको काम कर्तब्य र अधिकार

- राजस्व सम्बन्धी नीति वा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाको सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।
- राजस्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ,
- राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
- स्थानीय उद्योग तथा व्यवसाय प्रर्वद्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,
- कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने,
- राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने ।

# स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

- अध्यक्ष वा प्रमुख संयोजक
- उपाध्यक्ष वा उपप्रमुख सदस्य
- कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना सदस्य
- प्रमुख प्रशासकीय अधिकृत सदस्य–सचिव
- समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्ने ।
- अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बहेकको राजनीतिक दलको सदस्य समेतलाई तोक्नु पर्ने ।

# श्रोत अनुमान तथा वजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार

- आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेशसरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरीप्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,
- आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा वजेटको कुल सीमानिर्धारण गर्ने,
- विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,

# श्रोत अनुमान तथा वजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार

- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गर्ने,
- विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने,
- स्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

# बजेट सीमा निर्धारण गर्ने विधि

- गाउँपालिका वा नगरपालिका स्तरका गौरवका आयोजनाहरुको लागि आवश्यक रकम,
- समपुरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम,
- सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम,
- दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,
- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाऊँपालिका-नगरपालिका आफैंले गर्नु पर्नेअन्य अत्यावश्यक कार्यहरु,

# बजेट सीमा निर्धारण गर्ने विधि

- गाऊँ वा नगरपालिकाको कूल वजेट सीमाबाट तलब भत्ता तथा कार्यालयसञ्चालनको लागि आवश्यक पर्ने वजेट छुट्याई अन्य कार्यक्रमको लागिवजेट सीमा निर्धारण  गर्नुपर्ने।
- यसरी प्रशासनिक खर्चको लागि वजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नुपर्ने ।

# वडागत बजेट बाँडफाँटका आधार

- जनसंख्या,
- क्षेत्रफल,
- मानव विकासको अवस्था,
- पूर्वाधार विकासको अवस्था,
- विकास लागत,
- राजस्व परिचालनको अवस्था र
- लागत सहभागिताको अवस्था

- वडामा दामासाहीले वजेट विनियोजन गर्न पाइने छैन ।

# बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन

| | |
|---|---|
| उपाध्यक्ष वा उपप्रमुख | संयोजक |
| बिषयगत क्षेत्र हेर्ने गाऊँ वा नगर कार्यपालिकाका सदस्यहरु | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना महाशाखा/विभाग वा शाखा प्रमुख | सदस्य सचिव |

# बजेट तथा कार्यक्रम तर्जुमा समितिको समितिको काम कर्तब्य र अधिकार

- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,
- स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले दिएको वजेट सीमा भित्र रही वजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,
- वजेट तथा कार्यक्रमको प्रस्तावलाई बिषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,
- योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसी तादम्यता तथा परिपुरकता कायम गर्ने,
- वजेट तथा कार्यक्रम सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरु गर्ने।

# विषयगत समितिको गठन

- विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य संयोजक
- कार्यपालिकाले तोकेका कम्तिमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य सदस्य
- सम्बन्धित विभाग/महाशाखा/शाखा प्रमुख सदस्य– सचिव

# आयोजना प्राथमिकीकरणका आधारहरु

(ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.सं. | आयोजनाको नाम | १. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (२० अंक) | २. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | ३. आम्दानी र रोजगार बढ्ने (१५अंक) | ४.लागत सहभागिता जुट्ने (१५ अंक) | ५. स्थानीय श्रोत साधन र सीपको प्रयोग (१०अंक) | ६. समावेशी विकासमा योगदान (१० अंक) | ७. दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | ८. स्थानीय भाषिक, सांस्कृतिक विकास (५ अंक) | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

- वडा तथा गाउपालका तथा नगरपालिका स्तरीय आयोजनाहरुको प्राथमिकीकरण गर्नु पर्ने ।

# आयोजना प्राथमिकीकरणको तरिका

अनुसूची ३

(दिग्दर्शनको दफा ५.२.४ संग सम्वन्धित)

**आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम**

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

- (क) प्रत्यक्ष योगदान पुर्याउने-२० अंक
- (ख) अप्रत्यक्ष योगदान पुर्याउने -१० अंक
- (ग) तटस्थ-५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

- (क) चालु आ.व.मानै सम्पन्न हुने-१५ अंक
- (ख) आगामी आ.व. मा सम्पन्न हुने-१० अंक
- (ग) अन्य-५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

- (क) प्रत्यक्ष योगदान पुर्याउने-१५ अंक

# वार्षिक योजनाको कार्यान्वयन

# जिम्मेवारी कस्को हो ?



Global Education Monitoring Report
नेपालमा विद्यालय शिक्षा राम्रो नहुनुको दोष कसको हो ?
प्रमख
PRESS
विद्यार्थी
अभिभावक
PARENT
TEACHER
शिक्षक
POLITICIAN
राजनीतिज्ञ

# योजना कार्यान्वयन

- उद्देश्य हासिल गर्न गरिने कृयाकलापहरुको समष्टी।
- कार्ययोजनामा योजना कार्यान्वयन तरिका उल्लेख गरिन्छ ।
- सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको प्रकृया बमोजिम गर्नु पर्ने ।



www.shutterstock.com · 592797923

# खरिद योजना

- एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वा वार्षिक १० करोड रुपैयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने ।
- अधिकारप्राप्त अधिकारीको स्वीकृतिबिना कुनै पनि खरिद कार्य गर्नु हुँदैन ।



अनुसूची ८

(दिग्दर्शनको दफा ६(ख) संग सम्वन्धित)

**वार्षिक विकास कार्यक्रम स्वीकृतिको फारम**

| | | | |
|---|---|---|---|
| आ.व. | आयोजना शुरु हुने मिति: | **श्रोत** | |
| बजेटसंकेत/उपसंकेत: | आयोजना पुरा हुने मिति: | आन्तरिक श्रोत: | नेपाल सरकार: |
| कार्यक्रम शिर्षक/आयोजनाको नाम: | आयोजनाको कुल लागत: | ऋण: | प्रदेश सरकार: |
| कार्यान्वियन हुने स्थान: | चालु आ.व.मा विनियोजित: | जनसहभागिता: | अन्तर स्थानीय तह: |

रु. हजारमा

| | कार्यक्रम /क्रियाक | | आयोजनाको | सम्पूर्णकार्य मध्ये गत | आ.व.२०.../...को लक्ष्य | |
|---|---|---|---|---|---|---|

# खरिद विधि

- सार्वजनिक खरिद ऐन बमोजिम हुने ।
- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरी लागु गर्नु पर्ने ।

# आयोजना कार्यान्वयन प्रकृया



- योजना कार्यान्वयन कार्ययोजन स्वीकृती ।
- बजेटको एकीन ।
- स्टिमेट तथा डिजाइन तयारी।
- लागत अनुमान स्वीकृति ।
- खरिद विधिको छनोट ।
- सम्झौता गर्ने ।
- कार्ययोजना पेश गर्न लगाउने ।
- कार्यदिश दिने ।

# आयोजना कार्यान्वयनको जिम्मेवारी

| पदाधिकारी | जिम्मेवारी |
|---|---|
| अध्यक्ष वा प्रमुख | बजेट खर्च गर्ने अख्तियारी दिने, समन्वय गर्ने, कुनै समस्याको समाधान गर्ने । |
| उपाध्यक्ष वा उपप्रमुख | अनुगमन गर्ने, अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा छलफल गर्ने । |
| प्रमुख प्रशासकीय अधिकृत | कार्ययोजना तयार गर्ने, शाखा तथा वडालाई जिम्मेवारी दिने, खरिद विधिको छनोट गर्ने, अनुगमन गर्ने, भुक्तानी दिने । |
| सम्बन्धित शाखा प्रमुख | उपभोक्ता समितिको गठन गराउने, अभिलेख राख्ने, अनुगमन समितिको सदस्य सचिव भई कार्य गर्ने, भुक्तानीको लागि सिफारिस गर्ने । |

# आयोजना कार्यान्वयनको जिम्मेवारी

| पदाधिकारी | जिम्मेवारी |
|---|---|
| प्राविधिक (पूर्वाधार) कर्मचारी | पूर्वाधार सम्बन्धी कार्यको सर्वेक्षण गर्ने, डिजाइन गर्ने, लागत अनुमान तयारी गर्ने, अनुगमन गर्ने, सम्झौता गर्ने पक्षलाई आवश्यक सहयोग र निर्देशन दिने । |
| वडास्तरीय योजनाको हकमा सम्बन्धित वडाध्यक्ष | उपभोक्ता समिति गठन गर्ने, वडास्तरीय योजनाको अनुगमन गर्ने, गापा नपा स्तरीय योजनाको भुक्तानी सिफारिस गर्ने । |
| सम्झौता गर्ने पक्ष | डिजाइन तथा स्टिमेट तयार गर्न सहयोग गर्ने, स्टिमेट अनुसारको काम सम्पन्न गर्ने, सार्वजिनक परीक्षण गर्ने, अनुगमनको समन्वय गर्ने । |
| विषयगत समितिका सदस्यहरु | अनुगमन गर्ने कार्यान्वयनको क्रममा देखिएका समस्या समाधानको लागि समन्वय गर्ने । |

# उपभोक्ता समितिबाट काम गराउने

- उपभोक्ताहरुको **लागत सहभागितामा सञ्चालन हुने** आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्ने ।
- उपभोक्ता समितिको काम कर्तव्य अधिकार स्पष्ट गरिएको ।



# उपभोक्ता समितिलाई तालीम दिनुपर्ने

आयोजनाको काम शुरु हुनु भन्दा अगावै कार्यालयले उपभोक्ता समितिका पदाधिकारीलाई तालीम दिनुपर्ने व्यवस्था रहेको ।



# अनुगमन तथा मूल्याङ्कन

# अनुगमन

- काम भइरहेको समयमा गुणस्तर कायम गर्न गरिने जाँच वा निरीक्षण अनुगमन हो ।
- अनुगमन व्यवस्थापकीय कार्य हो । अनुगमन कार्यान्वयन गर्ने वा गराउने निकाय वा पदाधिकारीबाट गरिन्छ ।
- गर्नु पर्ने कामको सुनिश्चितताको लागि अनुगमन गरिन्छ ।
- आयोजनाको उद्देश्य बमोजिम काम भइरहेको छ भनी व्यवस्थापनलाई सुनिश्चित बनाउन अनुगमन गरिन्छ ।

# नतिजा सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन

- यो परिवर्तनको सूचकमा आधारित M&E प्रक्रिया हो।
- यसमा प्रभाव (Impact) सूचक, उपलब्धी (Outcome) सूचक र प्रतिफल (Output) सूचक गरी ३ तहका सूचकका आधारमा क्रमशः लक्ष्य, उद्देश्य र तत्कालको प्रतिफल मापन गरिन्छ।
- सूचकहरु स्पष्ट, सर्वस्वीकार्य, विश्वसनीय, मापनयोग्य र समयवद्ध हुनुपर्छ।
- Output परिमाणात्मक (Quantitative)प्रकृतिका सूचकमा आधारित हुन्छ भने, Outcome र Impact तहका सूचकहरु गुणात्मक (Qualitative) प्रकृतिका हुन्छन।

# मूल्याङ्कन

- कुनै काम वा योजनाले राखेको उद्देश्य पूरा भए नभएको एकीन गर्न गरिने जाँच वा परीक्षा मूल्याङ्कन हो ।
- लाभग्राहीलाई योजनाको प्रभाव (माथिल्लो स्तरको उद्देश्य) कस्तो रह्यो भनी गरिने अनुसन्धानमूलक कार्य नै मूल्याङ्कन हो ।
- कुनै आयोजना शुरु हुनु भन्दा अगाडि र योजना सम्पन्न भइसकेपछिको अवस्था बीचको तुलना गर्ने काम हो ।
- मूल्याङ्कन खासगरी तेस्रो पक्षबाट गरिन्छ ।

# अनुगमन तथा मूल्याङ्कन




अनुगमन
पानी पुगेन नि !
मूल्याङ्कन
किन यति सानो भयो ?

# अनुगमनको उद्देश्य

- कार्यतालिका अनसार काम भए नभएको एकीन गर्नु ।
- तोकिएको कामको समय लागत र गुणस्तर कायम गर्नु ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्नु ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्नु ।
- आवको अन्तिममा हुने विकास कार्यलाई सुधार गरी समयमै सम्पन्न गराउनु ।

# अनुगमनका प्रकार

- निरन्तर अनुगमन
- दिगोपनाको अनुगमन



# अनुगमन के को गर्ने ?

- गा.पा. वा न.पा.बाट स्वीकृत कार्यक्रम वा आयोजनाहरुको ।
- गा.पा. वा न.पा.बाट लगानी भएको आयोजनाहरुको ।
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरुको ।
- गा.पा. वा न.पा.को क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरुको ।



# अनुगमनका तरिकाहरु

- नियमित प्रतिवेदन लिएर
- स्थलगत अवलोकन गरेर
- सरोकारवालाहरुसँग छलफल गरेर
- नागरिक समाजका सँस्थाहरु परिचालन गरेर(मिडिया आदि)
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनवाई, सामाजिक परीक्षण जस्ता विधिहरु मार्फत।





# अनुगमन गर्ने जिम्मेवारी



- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी।
- उपाध्यक्ष वा उपप्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरु
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य)
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरु

# गाउँपालिका-नगरपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति

- उपाध्यक्ष वा उपप्रमुख संयोजक
- अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरुमध्येबाट दुई जना सदस्य सदस्य
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- प्रमुख योजना विभाग-महाशाखा-शाखा-एकाइ सदस्य सचिव
- आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।

# अनुगमन कार्ययोजना

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्नु पर्ने ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नुपर्ने ।


गाउँपालिका

आ व ०७४।७५

अनुगमन कार्ययोजना

| सि नं | योजनाको नाम | योजनाको ठेगाना | विनियोजित बजेट | सम्झौता मिति | सम्पन्न हुने मिति | अनुगमन गर्ने महिना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |



# वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरु — सदस्य
- वडा सचिव — सदस्य सचिव

कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

# आयोजनाको प्रभाव मूल्याङ्कन

- गाउँपालिकाले ५ करोड नगरपालिकाले १० करोड र उपमहानगर र महानगरपालिकाले २५ करोड भन्दा बढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्ने ।
- वार्षिक अनुगमन योजनामा प्रभाव मूल्याङ्कन गर्नु पर्ने योजना समेत सवावेश गर्नु पर्ने ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक समेत गर्नु पर्ने ।

# प्रभाव मूल्याङ्कनको आवश्यकता

- योजना तर्जुमा ठिक थियो कि थिएन भनी थाहा पाउन ।
- योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ।
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन।
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न ।
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

# धन्यवाद !

